फिक्कल गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट आव २०७९/८०
को प्रथम चौमासिकमा सम्पादित वार्षिक कार्यक्रम र योजना, सुशासन
तथा सेवा प्रवाहका सम्बन्धमा सञ्चालित

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई कार्यक्रम**

**कार्यक्रम भएको स्थान : फिक्कल गाउँपालिका वडा नं. १, महादेवडाँडा**

**कार्यक्रम भएको मिति : २०७९ मंसिर १५ गते**

**कार्यक्रमको सहजीकरण : नविनबाबु अधिकारी (पत्रकार)**

**कार्यक्रममा सहभागिहरुको संख्या : महिला ..१६....., पुरुष ..४३.... जम्मा ..५९...**

**प्यानलिस्टहरु :**

- पार्वती सुनुवार अध्यक्ष फिक्कल गाउँपालिका, सिन्धुली
- होमवहादुर सुनुवार, वडा अध्यक्ष, फिक्कल १, सिन्धुली
- सागर दुलाल ईन्जिनियर, फिक्कल गाउँपालिका, सिन्धुली
- भोज वहादुर खत्री वडा सचिव, फिक्कल १ सिन्धुली

**सहायक प्यानलिस्ट**

- मोहन सुनवार, कृषि प्राविधिक, फिक्कल १ सिन्धुली

## सार्वजनिक सुनुवाईमा उठेका सवालहरु

**विक्रम सुनवार (नेकपा एकिकृत माओवादी फिक्कल १, सिन्धुली)**

- सामाजिक सुरक्षाभत्ता कम पाएको पाँच जानले किन ?

- कोल्डस्टोर गुणस्तर हिन सामान प्रयोग गरेको ,सडक सरसफाई राम्रा नभएको ।

| | |
|---|---|
| पियुस पौडेल | |
| भोजवहादुर नेपाली | |
| हेम कार्की | |
| मोहनवहादुर आलेले | |
| चमेली नेपाली | |

**तिर्थ सुनुवार (स्थानीय)**

- मावि महादेव डाँडा पहिरोको उच्च जोखिममा परेको छ । यसको रोकथामको प्रयास के भई रहेको छ ।

**गुणराज विश्वकर्मा (स्थानीय)**

- उपभोक्ता समिति गठनमा किन ढिलाई भएको हो ।

**पियुस पौडेल (स्थानीय)**

- वडाबाट छनोट भएका योजनाहरु पालिकाले किन कटौति गरेको ।

**भोज बहादुर नेपाली (स्थानीय)**

- वडा कार्यालयबाट प्रदान गरिने भेटनरी सेवा वास्तविक कृषकले पाउन नसकेको ।

**चमेली नेपाली (स्थानीय)**

- वडामा एम्वुलेन्स सेवा नहुदाँ समस्या परेको । बर्थिङ सेन्टर निर्माण भएको तर शौचालय उपयुक्त स्थानमा नभएको यसको व्यवस्थापन गर्नु पर्‍यो ।

**हेम कार्की (स्थानीय)**

- महादेव डाँडामा एनटिसिको टावर निर्माणका लागी वडाले पहल नगरेको र यसको लागी कसले पहल गर्ने हो ।

**मोहन बहादुर आले (स्थानीय)**

- सडक मर्मतको सवालमा वडा कार्यालयले स्थानीयसँग सम्वन्वय नगरेको ।


सार्वजनिक सुनुवाई कार्यक्रम



प्रतिवेदक

सिन्धुलीगढी मिडिया

प्रा.ली.सिन्धुलीको तर्फबाट

नाम :नविन बाबु अधिकारी

फिक्कल गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट आव २०७९/८० को प्रथम चौमासिकमा सम्पादित बार्षिक कार्यक्रम र योजना, सुशासन तथा सेवा प्रवाहका सम्बन्धमा सञ्चालित

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई कार्यक्रम**

**कार्यक्रम भएको स्थान : फिक्कल गाउँपालिका वडा नं. २, सुम्नाम पोखरी**

**कार्यक्रम भएको मिति : २०७९ मंसिर १५ गते**

**कार्यक्रमको सहजीकरण : रविन्द्र भट्टराई (पत्रकार)**

**कार्यक्रममा सहभागिहरुको संख्या : महिला ...३...., पुरुष ..४९...... जम्मा ५२...**

**प्यानलिस्टहरु :**

- शंकर बहादुर भण्डारी, वडा अध्यक्ष, फिक्कल २, सिन्धुली
- सन्दिप उपाध्याय, कृषि इन्जिनियर फिक्कल गाउँपालिका, सिन्धुली
- कमलवहादुर थापा मगर, वडा सचिव, फिक्कल २ सिन्धुली

सिन्धुलीको फिक्कल गाउँपालिका वडा नं. २, साविकको पोखरी गाविस मिलेर बनेको वडा हो । करिव २७ वर्ग कि.मी. भएको यस वडामा ५ सय २१ घर धुरी छन भने ३ हजार ४० जनसंख्या रहेका छन् । यस पालिकाको वडा कार्यालय सुम्नाम पोखरीमा रहेको छ । स्वस्थ्यचौकी १ गाउँघर क्लिनिक १ गरी दुई वटा स्वस्थ्य सस्था यस वडामा रहेको छ । प्रावि, आधारभुत तह र मावि तह गरी १० विद्यालय रहेको यस वडामा तथ्याङक हेर्ने हो भने ७५ प्रतिशतमात्र मानिस साक्षरता रहेका छन् । यस वडामा ब्रह्मण, क्षेत्री, मगर,सुनुवार, लगाएत दलित जनजाती सवै वर्गका मानिसहरुको वसोवास रहेको वडा हो वडा नं. २ । यस वडामा २०७९ को स्थानियतहको निर्वाचनमा वडा अध्यक्ष पदमा शंकर बहादुर भण्डारी निर्वाचितहुनु भएको हो भने वडा सदस्यहरुमा राजनबहादुर लुगेंली, देव माया सुनुवार, मिनाकुमारी विश्वकर्मा र पूर्णमाया थापामगर निर्वाचितहुनु भएको हो ।

भौगोलीक हिसावले विकट मानिने यस वडामा राष्ट्रिय प्रसारण लाईन जोडिएको छ भने मध्यपाहाडी राजमार्ग यस वडाको उत्तर भुभागबाट रहेको छ ।

**सार्वजानिक सुनुवाई गतिविधि**

फिक्कल गाउँपालिकाको सम्पूर्ण वडाहरुमा एकै पल्ट भएको सार्वजानिक सुनुवाई कार्यक्रम वडा नं. २ मापनि भएको थियो । वडा नं. २ मा कार्यक्रम गर्ने भनिएको समय भन्दा झण्डै २ घण्टा पछि सार्वजानिक सुनुवाई कार्यक्रम भएको थियो । कार्यक्रममा वडा नं. २ का सर्वसाधरणहरुको उपस्थिति ढिला भएकाले पनि कार्यक्रम ढिला भएको थियो । भौगोलीक विकटताका कारण पनि कार्यक्रम ढिला सञ्चालनमा आएको थियो । कार्यक्रममा वडाका वडा अध्यक्ष सहित निर्वाचित जनप्रतिनिधि र गाउँपालिकाका प्रतिनिधि र पत्रकारहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ धेरै जसो वडाका वडा अध्यक्षशंकर बहादुर भण्डारीले दिनुभएको थियो भने कति प्रश्नको जवाफ गाउँपालिकाका प्रतिनिधि सन्दिप उपाध्यायले दिनु भएको थियो । प्रश्नहरु विशेष गरी नितिगतमा भन्दा पनि विकासमा जोडिएका प्रश्नहरु आएकाथिए । पालिकाले दिएको अनुदानका कुराहरुमा पनि प्रश्न उठेका थिए । तिप्रश्नहरुको पालैपालो जवाफ दिईएको थियो । कति सामाजिक समस्याका कुराहरु पनि उठेका थिए । विकास प्रमिप्रश्नहरु उठेका थिए । सार्वजानिक सुनुवाई कार्यक्रममापत्रकार रविन्द्र भट्टराईले सहजिकरण गर्नु भएको थियो । सार्वजानिक सुनुवाई कार्यक्रममा राजनितिक दलका वडा प्रमुख तथा प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधि, वडाका सरोकारवाला र वडाका स्थानीयहरुको उपस्थिति रहेको थियो ।

सार्वजानिक सुनुवाईमा उठेका प्रश्नहरु,

**ललितबहादुर थापा (स्थानीय)**

- लिफ्ट सिचाईको निर्माण गरिएपनि यसको सदुपयोग गर्न वडा कार्यलयले चासो नदिएको ? वडामा बाटो मर्मत गर्न ठेकेदार कम्पनीले दिएको पेट्रोल डिजेल कतागयो अनुदान कि चन्दाहो ? ले प्रश्नगर्नु भएको थियो ।

**लक्ष्मी प्रसाद पाहाडी**

- छिमिकोट सडक किनमर्मत गरिएन? राष्ट्रिय प्रशारण लाईनमामर्मत खर्च छुट्याई पनि किन वक्तिपोलमामात्र बले ?यूएनडिपि र पालिकाको समन्वयमा अनुदानमा वितरण गरिएको आलुको विऊ सम्बन्धी पनि प्रश्नपनि उठेको थियो ।

**खड्ग बहादुर सुनुवार**

- बबलालिफ्ट निर्माणमा स्थानीयहरुको धेरै दुखगरि निर्माण गरेको भएपनि अहिले पानी सञ्चालनको क्रममा अवरोध र समस्या आएकोमा वडा र पालिकाले व्यवास्था गरेको ।

**झलकबहादुर विश्वकर्मा**

- बाटो आफुनो घरमानपुगेका ले सम्बन्धित निकायले छलफल गरी निकास गरिदिनुहुन अनुरोध गरेका थिए ।

**ललित बहादुर थापा**

- जुनार पकेट क्षेत्रमा आएका विरुवा अनि अनुदानमा आएको ट्रयाक्टर खोई भन्दै ललितबहादुर थापाले प्रश्नगर्नु भएको थियो । सडक निर्माण विद्युतलाईन निर्माणका क्रममाभएको खर्चको रिण धेरै भएको र यसमा स्थानिय अगुवा व्यक्तीहरुलाई पनि असर परेको भन्दै निकास दिन वडा कार्यालयलाई अनुरोध पनि गरिएको थियो ।

**इन्द्र बहादर मित्रमिलन**

- प्रश्न मात्र नभएर सार्वजानिक सुनुवाई मा सुझाव पनी दिईएको थियो । स्वस्थ्य क्षेत्रको सुधार सगैं स्कुलमा प्रथमिक उपचारको लागि व्यवस्थापन गर्न माग गरे ।

**मिन बहादुर अधिकारी**

- नितिगतकार्यमा वडाले ध्यानदिनुपर्ने सुझावदिनु भएको थियो ।


"फिक्कल समृद्धिको मूल आधारः कृषि,स्वास्थ्य,शिक्षा,पर्यटन र रोजगार"
फिक्कल गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट
आ.व. २०७९/०८० को प्रथम चौमासिक
(२०७९ श्रावण–२०७९ कार्तिक)
भित्रमा सम्पादित वार्षिक कार्यक्रम र योजना,
सुशासन तथा सेवा प्रवाहका सम्बन्धमा संचालित
सार्वजनिक सुनुवाई कार्यक्रम
ति : २०७९ मसिर १५ गते
थान : वडा कार्यालय
आयोजक
फिक्कल गाउँपा
२ नं. वडा कार्या
पोखरी,सिन्धु

फिक्कल गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट आव २०७९/८० को प्रथम चौमासिकमा सम्पादित बार्षिक कार्यक्रम र योजना, सुशासन तथा सेवा प्रवाहका सम्बन्धमा सञ्चालित

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई कार्यक्रम**

**कार्यक्रम भएको स्थान : फिक्कल गाउँपालिका वडा नं. ३, चनौटे**

**कार्यक्रम भएको मिति : २०७९ मंसिर १५ गते**

**कार्यक्रमको सहजीकरण : प्रेम दाहाल (पत्रकार)**

**कार्यक्रममा सहभागिहरुको संख्या : महिला .........., पुरुष ............. जम्मा ..........**

**प्यानलिस्टहरु :**

- टेक वहादुर रजन मगर वडाध्यक्ष फिक्कल गाउँपालिका ३ , सिन्धुली
- हिरालाल विक शिक्षा शाखा प्रमुख फिक्कल गाउँपालिका, सिन्धुली
- रामकुमार कार्की, वडा सचिव फिक्कल गाउँपालिका३ , सिन्धुली

**सहायक प्यानलिस्ट**

आशिष श्रेष्ठ प्राविधिक

## सार्वजनिक सुनुवाईमा उठेका सवालहरु

**भोज बहादुर तामाङ (वडा कमिटि अध्यक्ष माओवादी केन्द्र)**

- वडाले गर्ने काम, सेवाग्राहीले जनमुखि काम नर्गु पर्ने र वडाले जनमुखि काम गरेको पाईएन ।

  **विष्णु प्रसाद पहाडी नेकपा एमाले प्रतिनीधि**

फिक्कल गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट आव २०७९/८०
को प्रथम चौमासिकमा सम्पादित बार्षिक कार्यक्रम र योजना, सुशासन
तथा सेवा प्रवाहका सम्बन्धमा सञ्चालित

## सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई कार्यक्रम**

**कार्यक्रम भएको स्थान : फिक्कल गाउँपालिका वडा नं. ४, खाङसाङ**

**कार्यक्रम भएको मिति : २०७९ मंसिर १५ गते**

**कार्यक्रमको सहजीकरण : विदुर पौडेल (पत्रकार)**

**कार्यक्रममा सहभागिहरुको संख्या : महिला ..११...., पुरुष ...४५..... जम्मा ५6...**

**<u>प्यानलिस्टहरु :</u>**

- मोहन मगर वडाअध्यक्ष फिक्कल गाउँपालिका ४ , सिन्धुली
- सुलोचना लुईटेल प्रशासकिय अधिकृत फिक्कल गाउँपालिका कार्यालय, सिन्धुली

**<u>सहायक प्यानलिस्ट</u>**

- गुणराज पहाडी वडा सचिव वडा नम्वर ४ गाउँपालिका, सिन्धुली

- **<u>सार्वजनिक सुनुवाईमा उठेका सवालहरु</u>**

**सन्तोष लामिछाने (विद्यार्थी)**

- विद्यालयमा खेलकुद सामाग्री र साथै खेल मैदान नभएकाले समस्या परेको,पालिकाले खेलकुद र खेलमैदान कहिले निर्माण गर्छ ।

**स्वयसेविका**

- पालिका स्तरिय स्वयसेविका तालिम र उचित भत्ता लगायतको सेवा सुविधा कहिले सम्बोधन हुन्छ ।

**गंगाप्रसाद पहाडी (एमाले वडा प्रतिनिधी)**

- यस वडामा संचालन गरिने भनेको लिफ्ट सिचाई योजना के हुदैं छ, किन ढिला भयो ।
- वडामा संचालित लघु जलविद्युत आयोजना संचालनको विषयमा के नीति र सोच बनाएको छ ।

**दुर्गा पहाडी (स्थानीय)**

- स्वास्थ्य चौकिको निर्माण कहिले पुरा हुन्छ, रोकिएको काम अगाडी बढाउने प्रक्रिया के हो र उक्त भवन निर्माणमा काम गर्ने श्रमिकले कसरी पैसा पाउने ।

**ईन्द्र प्रसाद पहाडी (हुलाक ईन्चार्ज)**

- कार्यालयको लागी अहिले सम्म एउटा दराज छैन,कार्यालयको व्यवस्थापन र लुकाकीलाई एउटा झोला र छाता छैन कहिले व्यवस्थापन हुन्छ ।

**सिद्धि चरण घिमिरे (शिक्षक)**

- विद्यालयले मासिक रुपमा प्रतिवेदन तथा रिपोर्ट पठाउनु पर्छ तर कार्यालयमा एउटा कम्प्यूटर, प्रिन्टर छैन ,त्यसको व्यवस्थापन कहिले हुन्छ ।

**शिव प्रसाद पहाडी (स्थानीय)**

- गत बर्ष गहुँ,आलुको विऊ वितरण गरिएको थियो,यस बर्ष किन गरिएन, अनि पशु उचपार र औषधीको लागी एनजीओको कार्यालयमा जानु पर्ने किन ? लघु जलविद्युतको मर्मत सम्भार हुन सकेन र आयव्ययको समेत हिसाव किताव हुन सकेन ।

**केशर घिमिरे ( राप्रपा प्रतिनिधी)**

- मैले नर्सरी स्थापनाको लागी सिफारिस पाईन किन ?

**बिण्णु माया मगर**


- बेसार खेति प्रवर्द्धनको लागी भनेर उपकरणहरु दिईयो तर उपकरण चलाउने इनधन कहाँबाट ल्याउने , विद्युत नभएको स्थानमा मेल कसरी संचालन गर्ने ।

**डम्वर  बहादुर मगर (शिक्षक)**

- स्कुलको अवस्था जिर्ण छ, बजेट छैन, कसरी पठन पाठन संचालन गर्ने ।



सिन्धुलीगढी मिडिया
स्था. - २०६७
सिन्धुली




प्रतिवेदक

सिन्धुलीगढी मिडिया
प्रा.ली.सिन्धुलीको तर्फबाट
नाम :विदुर पौडेल(पत्रकार)

फिक्कल गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट आव २०७९/८० को प्रथम चौमासिकमा सम्पादित बार्षिक कार्यक्रम र योजना, सुशासन तथा सेवा प्रवाहका सम्बन्धमा सञ्चालित

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई कार्यक्रम**

**कार्यक्रम भएको स्थान : फिक्कल गाउँपालिका वडा नं. ५, सोल्पाठाना**

**कार्यक्रम भएको मिति : २०७९ मंसिर १५ गते**

**कार्यक्रमको सहजीकरण : बिमला पाण्डे (पत्रकार)**

**कार्यक्रममा सहभागिहरुको संख्या : महिला ...१८..., पुरुष .....३६... जम्मा ५४....**

**प्यानलिस्टहरु :**

- राजु बराल, उपाध्यक्ष फिक्कल गाउँपालिका, सिन्धुली
- वैकुण्ठलाल पहाडी, वडा अध्यक्ष, फिक्कल ५, सिन्धुली
- छत्र ब. बानियाँ, लेखा अधिकृत, फिक्कल गाउँपालिका, सिन्धुली
- सुनिता सुबेदी, वडा सचिव, फिक्कल ५ सिन्धुली

**सहायक प्यानलिस्ट**

- सरिता धमला, कृषि प्राविधिक, फिक्कल ५ सिन्धुली
- तुलसा लामिछाने, पशु प्राविधिक, फिक्कल ५ सिन्धुली
- जगदिश प्रसाद यादव, प्रमुख, स्वास्थ्य चौकी सोल्पाठाना

# सार्वजनिक सुनुवाईमा उठेका सवालहरु

**शिवनाथ पहाडी (अध्यक्ष, नेकपा एमाले फिक्कल ५, सिन्धुली)**

- कोरोना पीडितका लागि राहत कार्यक्रम भनेर १० लाख आएको भनि फारम भराईयो तर पैसा कहाँ गयो पत्तो भएन । जानकारी पाउँ न ।
- हेफर इन्टरनेशनल र गाउँपालिकाबीचको सहकार्यमा कृषि सम्बन्धि तरकारी र बाखा पालनमा बजेट विनियोजन गरियो तर काम भएन किन ?
- कृषि तथा पशुपालनमा विउविजन, औषधिको खर्च हिसावमा आउँछ तर किसानले लाभ लिन पाएका छैनन । वडा कार्यालयबाटै सेवा प्रवाह गर्न पाए किसानको पहुँचमा पुग्ने थियो की ?

**महेश्वर चौरेल (स्थानीय)**

- वडा नं. ५ को आधा क्षेत्रमा विजुली बत्ति बलेको छ । बाँकी ठाउँमा कहिलेसम्म बत्ति बल्ला ?

**नरेश पहाडी (प्रअ फिक्कल मावि)**

- श्रोत केन्द्र खारेज भएपछि शिक्षाका सबै गतिविधि गाउँपालिका केन्द्रीत भए । शिक्षकका गुनासा, छलफल गर्ने र शिक्षा समितिमा पुराउने माध्यम नै प्रअ बैठक भयो तर लामो समयदेखि प्रअ बैठक नै सञ्चालन हुन सकेको छैन । प्रअ बैठक नियमित गर्नुपर्‍यो ।
- सरकारले कक्षा ६ सम्म दिवा खाजाको व्यवस्था गरेको छ तर उक्त रकम निकासा हुन सकेको छैन । किन निकासा भएन ?

**कुशल पहाडी (शिक्षक)**

- दिवा खाजाको पैसा लेखामा किन अड्काईयो ?
- विद्यालयको भवन, ट्वाईलेट, घेराबेरा, फर्निचर केहि पनि छैन । पुरानो भवन जिर्ण भएको छ । विद्यालय सञ्चालनमा समस्या भएको छ ।
- विद्यालयमाथिको पहिरो नियन्त्रणमा बजेट चाहियो ।

- ठुल्डाँडामा निर्माण भएको गाउँघर क्लिनिकमा दक्ष चिकित्सक उपलब्ध गराउन सकेमा सामान्य उपचारमा सेवाग्राहीलाई बाहिर जानु पर्ने थिएन ।

**टेक बहादुर कार्की (प्रअ, प्रावि गुजिटार अर्थुंगे**

- अर्थुंगे र रारागाउँमा अस्थायी खोप केन्द्रको स्थापना भएमा नागरिकलाई सहिजो हुने थियो ।

**गणेश सुनुवार ( कालिका निमावि जाङजाङ भवन निर्माणकर्ता )**

- चारकोठे भवन बन्यो, खर्च भएको पैसा पाएको छैन । ठेक्का दिएको पैसाभन्दा बढी खर्च आयो यसलाई कसरी व्यवस्थापन गर्न सकिएला ?

**राम बहादुर बढाक्षेत्री (अध्यक्ष), गिता बुढाथोकी (शिक्षक) प्रावि परेवा थुम्की)**

- बालविकासमा ६, ७ जना विद्यार्थी छन । उनीहरुलाई एक शिक्षकले पढाउँछन । खाजा नास्ता, भवन, ट्वाईलेट, शैक्षिक सामग्री, खेल सामग्री केहि पनि छैन । गाउँपालिकाले व्यवस्था गरिदिए हुने ।

**माधवी थापा (प्रअ) प्रावि बाह्रविसे**

- सरकारले जडान गरिदिएको इन्टरनेट लाईनको तारमात्र पुग्यो तर सञ्चालनमा कठिनाई भएको छ । सोलार छैन । भवन जिर्ण छ । सञ्चालन गर्न सहयोग चाहियो ।

**बुद्धिलाल पहाडी (शिक्षक, फिक्कल मावि सोल्पाठाना)**

- फिक्कल माविसँगै रहेको सामुदायिक अध्ययन केन्द्र २ वर्षदेखि बन्द छ । शिक्षक नियुक्त छन । जिम्मेवारी दिन सकेको छैन । कर्मचारीलाई काम लगाउनुपऱ्यो । सामुदायिक अध्ययन केन्द्र सञ्चालनमा ल्याउनु पऱ्यो ।



प्रतिवेदक

सिन्धुलीगढी मिडिया
प्रा.ली.सिन्धुलीको तर्फबाट
नाम :विमला पाण्डे

फिक्कल गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट आव २०७९/८० को प्रथम चौमासिकमा सम्पादित बार्षिक कार्यक्रम र योजना, सुशासन तथा सेवा प्रवाहका सम्बन्धमा सञ्चालित

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई कार्यक्रम**

**कार्यक्रम भएको स्थान : फिक्कल गाउँपालिका वडा नं. ६, रत्नावती**

**कार्यक्रम भएको मिति : २०७९ मंसिर १५ गते**

**कार्यक्रमको सहजीकरण : द्धारिका काफ्ले (पत्रकार)**

**कार्यक्रममा सहभागिहरुको संख्या : महिला ...१६.., पुरुष ...४४..... जम्मा ...६०...**

**<u>प्यानलिस्टहरु :</u>**

- धन वहादुर कार्की , निवर्तमान अध्यक्ष  फिक्कल गाउँपालिका, सिन्धुली
- कुलेन्द्र राना मगर, वडा अध्यक्ष, फिक्कल ६, सिन्धुली
- नारायण अधिकारी ,  सामाजिक विकास शाखा प्रमुख, फिक्कल गाउँपालिका, सिन्धुली
- कृष्णा कुमारी पाखिन, वडा सचिव, फिक्कल ६ सिन्धुली

**सहायक प्यानलिस्ट**

सवै वडा सदस्यहरु

सिन्धुलीगढी गाउँपालिका सिन्धुली

## सार्वजनिक सुनुवाईमा उठेका सवालहरु

**(सन्तोष राज पौडेल स्वास्थ्य संस्था प्रमुख रत्नावती स्वास्थ्य केन्द्र, फिक्कल ६ सिन्धुली)**

- कन्टन्जेन्सी भनेको के हो यो किन काटिन्छ ? यसरी काटिएको कन्टेन्जेन्सीको रकम कहाँ खर्च हुन्छ ।
- स्वास्थ्य संस्थाको निर्माणाधिन भवन अलपत्र भयो यसको ठेकेदार कहाँ गयो यो कसले हेर्नै ? स्वास्थ्य संस्था घेरावेरा नहुदा असुरक्षित भयो यसको लागि वजेट अउँछ कि आउँदैन ।

**रोशन भण्डारी नेकपा एमाले प्रतिनीधि**

यस भन्दा अगाडी पनि एमाले कै नेतृत्व थियो । केके विकासका काम भयो । वाटो कहाँ कहाँ वन्यो ? अवको विकासका योजना के के छन जवाफ पाउँ ?

सालेके सोखु गैरीको सडक कहिले वन्छ ? त्यसका लागि के भई रहेको छ ।

**लोक वहादुर राई ( त्रिगंगा मावि शिक्षकफिक्कल ६ )**

- फिक्कल ६ को साविक रत्नावती २ र ४ मा विद्युतिकरण भएको छैन कहिले हुन्छ ?

**शम्भु वहादुर खत्री प्रअ सालुके मावि**

- सालुके माविको फिल्ड निमार्णका लागि गत आवमा ३ लाख ५० हजार छुट्याईएको थियो पैसा नपुग भनेर अहिल्लो आवमा रकम पुरा भुक्तानी भएन यस वर्ष हुन्छ कि हुदैन ?
- एडिवीको सहयोगमा विद्यालय भवन निमार्ण गर्दा कक्षा संचालन गर्न अस्थायी कक्षा संलालनका लागि जग्गा भाडामा लिएको थियो । सो रकम वार्षिक ७० हजार गाउँपालिकाले तिर्ने भनेको थियो । एकवर्षको मात्र रकम भुक्तानी भयो अव वाँकी रकम कहिले भुक्तानी हुन्छ ।
- माविमा ३५० भन्दा वढी विद्यार्थी छन एक जना मात्र मावि शिक्षकको दरवन्दी छ १२ कक्षा सम्म विद्यालय संचालन छ शिक्षकको समस्या भयो कसरी समाधान गर्ने ?

**धन कुमार राई (प्रतिनीधी मंगोल अर्गनाजेसन पार्टी)**

- गाउँपालिकाले एक घर एक रोजगारी सम्वन्धी कार्यक्रम संचालन गर्छ भनेको थियो त्यो कहिले वाट सुरु हुन्छ ?

**मान कुमारी सुनुवार कक्षा ९मा अध्ययनरत विद्यार्थी मावि सालुके)**

- विद्यालयमा खेलकुद सामाग्रिको अभाव छ त्यो कहिले आउँछ गाउँपालिकाले दिन्छ कि दिदैन ?

**राम बहादुर राना मगर (व्यापारी स थानीय)**

- बडा कार्यालयमा प्रयोग भएको स्टेशनरी सामाग्रिको भुक्तानी लामो समय देखि भएको छैन । कहिले हुन्छ ?

**किसान वहादुर राई (निमावि शिक्षक देउकी डाँडा )**

- विद्यालयका शिक्षकले लामो समय देखि तलव खान पाएको छैन त्यो कहिले भुक्तानी हुन्छ ?

**हरिकुमारी राई (स्वास्थ्य स्वयम सेविका देउकी डाँडा स्वास्थ्य किल्नीक)**

- कृषि पशु प्राविधीक नभएका कारण समस्या भयो ? सामाग्रिको अभावमा सेवा पाईएन ।

- विद्यालयका शिक्षकले लामो समय देखि तलव खान पाएको छैन त्यो कहिले भुक्तानी हुन्छ ?
  हामीले मासिक रिर्पोट वुझाउन आउँदा एक दिन लाग्छ ? रिपोर्ट वुझाउन आफैं उपस्थित हुने व्यवस्था परिवर्तन होस ?
  सिपमुलक तालिम यस वर्ष आउँछ कि आउँदैन ।

**मिठा कुमारी राना मगर (विद्यार्थी सालुके मावि कक्षा १० )**

छात्राहरुका लागि विद्यालयमा स्यानेटरी प्याड छैन त्यो कहिले आउँछ ?

**थिर वहादुर नेपाली (स्थानीय )**

वडाका धेरै सडको स्तरउन्नती भएको छैन त्यो कहिले हुन्छ । वडाका विभिन्न विद्यालयमा सौचालयको अभाव छ कसरी वनाउने ?

प्रतिवेदक

सिन्धुलीगढी मिडिया

प्रा.ली.सिन्धुलीको तर्फबाट

नाम :द्वारिका काफ्ले